बैठक मिति: २०७६।३।१

<u>छलफल तथा निर्णय</u>

१. सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्षज्यूको अध्यक्षतामा बस्ने राष्ट्रिय विकास समस्या समाधान समितिको ४५औं बैठकमा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिने विषयवस्तुलाई परिमार्जनसहित अन्तिम रुप प्रदान गरियो।

२. आर्थिक व्यवस्थापन महाशाखाबाट बैठकमा प्रस्तुत राष्ट्रिय जनगणना २०७८ को सुव्यवस्थित एवम् सफल संचालनका लागि गणना पूर्व, गणनाका समयमा र गणना पश्चात सम्पादन गर्नुपर्ने क्रियाकलापहरु लाई समेटी समयवद्ध र व्यवस्थित तवरले सम्पन्न गर्न, सो का लागि आवश्यक स्रोत साधनको अनुमान गरी विकास साझेदार समेतको सहयोग परिचालन गर्न र समयमै देशको कुल जनसंख्या तथा यसका विशेषता सहितका आँकडा प्रयोगकर्ता समक्ष उपलब्ध गराउन सम्बन्धित क्रियाकलाप, सम्पन्न गर्ने समय सीमा र अनुमानित वित्तीय स्रोत समेत उल्लेख गरी तयार गरिएको 'राष्ट्रिय जनगणना २०७८ को परियोजना' दस्तावेज बमोजिम कार्य अघि बढाउन सैद्धान्तिक सहमति प्रदान गर्ने। साथै, बैदेशिक सहायताको खोजी गर्दा ज्ञान तथा प्रविधि हस्तान्तरण **(Knowledge and Technology Transfer)** हुने क्षेत्रलाई प्राथमिकतामा राख्ने र विकास साझेदारहरुसँग सहयोग/सहकार्यका लागि सम्झौता गर्नु पूर्व तथ्याङ्क सम्प्रभुता **(Data Sovereignty)** नेपाल सरकारसँगै रहने गरी अर्थ मन्त्रालयको सहमति लिई गर्ने।

३. वन तथा वातावरण मन्त्रालयबाट आयोगको राय तथा परामर्शका लागि प्राप्त हुन आएको 'राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ को मस्यौदा' उपर विषयक्षेत्रगत माननीय सदस्यको नेतृत्वमा पूर्वाधार तथा उत्पादन महाशाखाबाट बैठकमा प्रस्तुत गरे बमोजिमको राय/सुझाव सम्बन्धित मन्त्रालयमा पठाउने।

४. उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट त्रियुगा नदी व्यवस्थापन आयोजनालाई 'खाँडो तथा त्रियुगा नदी व्यवस्थापन आयोजनाको कार्यालय', सप्तरी मार्फत कार्यान्वयन गर्नका लागि आयोगको सहमति प्रदान गर्ने।

५. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/६ को बैठकबाट स्वीकृत "संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड, २०७६" मा संशोधनका लागि उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट माग भई आएको विषय बैठकमा छलफल भयो । यस सम्बन्धमा अन्य निकायहरु बाट पनि संशोधनका लागि माग भए/नभएको सम्बन्धमा सम्बन्धित महाशाखाहरुले संकलन गरी आर्थिक व्यवस्थापन महाशाखाले एकमुष्ठरुपमा पेश गर्ने।

६. सुशासन तथा सामाजिक विकास महाशाखाबाट प्रस्तुत "दिगो विकास लक्ष्य १६ र सो सँग सम्बन्धित दिगो विकास लक्ष्य  नं. ५, लक्ष्य  नं. ४, र लक्ष्य  नं. १० सँग सम्बन्धित गन्तव्यहरु सहितको एकिकृत SDG 16+ को राष्ट्रियस्तरको प्रगति समिक्षा गर्न तयार पारिएको **'National Review and Situation Analysis of Progress on SDG 16+ Implementation in Nepal'** विषयक अवधारणा-पत्र स्वीकृत गर्ने र आवश्यक प्रकृया सम्बन्धित महाशखाले अघि बढाउने।

७. आर्थिक व्यवस्थापन महाशाखाबाट प्रस्तुत **UN Women** नेपाल अफिस, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग र केन्द्रीय तथ्याङ्क विभागबीच छलफल भई **Making Every Nepali Woman and Girl Count: UN Women flagship programme initiative** अन्तर्गत **'Strengthening Gender Statistics'** सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न केन्द्रीय तथ्याङ्क विभाग र अन्य सम्बन्धित मन्त्रालयसँग सहकार्य गर्ने सम्बन्धमा **UN Women** लाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

८. पूर्वाधार तथा उत्पादन महाशाखाबाट प्रस्तुत राष्ट्रिय आयोजना बैंङ्क स्थापनाका लागि तयार गरिएको राष्ट्रिय आयोजना बैंङ्क सम्बन्धी निर्देशिका को अन्तिम् प्रतिवेदन स्वीकृत गर्ने र आ.व. २०७६/७७ को लागि राष्ट्रिय आयोजना बैङ्कको प्रस्तावित कार्ययोजना बमोजिम सम्बन्धित महाशाखाले कार्य अघि बढाउने।



